# दण्डहीनताविरुद्ध नागरिक कार्यदल

## Citizen's Task Force to Combat Impunity

**Secretariat:** FOHRID Human Rights and Democratic Forum, GPO Box: 19186, Dillibazar, Kathmandu, Nepal, Tel: +977 1 44 23 125, Fax: +977 1 4 43 812
Email: fohrid@wlink.com.np, website: www.fohrid.org.np

# Brief report of the discussion of the human rights community for preparation to hold public rally and demostrantion demanding accession to Rome Statute and to end impunity

**7 May 2008(2065 Baisakh 25)**

# रोम विधानको अनुमोदन र दण्डहीनता विरुद्ध जनसभा तथा प्रदर्शन तयारीका लागि मानव अधिकार समुदायबीच भएको छलफलको संक्षिप्त प्रतिवेदन

२५ वैशाख २०६५ (७ मे २००८)

पृष्ठभूमि / सन्दर्भ

हाल नेपालमा संविधानसभाको निर्वाचन सम्पन्न भइसकेको छ । संविधानसभाको निर्वाचनपछि विगतको सशस्त्र संघर्ष कालको प्रमुख शक्ति माओवादी सबैभन्दा ठूलो दलको रुपमा स्थापित भएको छ । उसको सम्मानजनक उपस्थितिले शान्ति प्रक्रियालाई निरन्तरता दिएको छ । यद्यपि विगतका उसका ज्यादतीहरुलाई नीति निर्माण तहबाट सम्बोधन गरिनुको सट्टा उल्टै वैधता दिने कार्य हुनेमा पनि द्विमत छैन । संविधानसभाको निर्वाचनपछि हामी पुनः अर्को संक्रमणकालीन अवस्थामा आएकोले सशस्त्र संघर्ष कालमा योजनावद्ध र व्यवस्थित तबरले भएका मानव अधिकार एवं मानवीय कानुन विरुद्धका घटनाहरुलाई नीति निर्माण तहबाट सम्बोधन गरिनु अपरिहार्य छ । जबसम्म त्यस्ता ज्यादतीहरुलाई सम्बोधन गरिदैन तबसम्म दण्डीनताले निरन्तरता पाइरहन्छ । हामी नयाँ संविधान निर्माणको चरणमा प्रवेश गरेको वर्तमान परिप्रेक्ष्यमा लामो समयदेखि कुसंस्कृतिको रुपमा रहेको दण्डहीनतालाई संवैधानिक तबरले सम्बोधन गर्नका लागि त्यस विरुद्धका प्रावधानलाई संवैधानिक रुपमै स्थापित गर्न आवाज उठाउनु नागरिक समुदाय र आम सरोकारवालाहरुको दायित्व हो । संसदले डेढ वर्ष अघि नै सरकारलाई रोम विधानमा सम्मिलन निम्ति दिएको आदेशलाई समेत सरकारमा आशिनहरुबाट लत्याउने कार्य भएकाले गर्दा त्यस विरुद्ध पनि सचेत नागरिकले आवाज उठाउनु जरुरी भएको अनि व्यापक जनदवाव बिना सरकारले पनि वेवास्ता गर्ने गलत प्रचलनबीच मानव अधिकार तथा प्रजातान्त्रिक मञ्च (फोरिड) को सभाकक्षमा दण्डहीनता विरुद्ध नागरिक कार्यदलद्वारा 'रोम विधानको अनुमोदन र दण्डहीनता विरुद्ध जनसभा तथा प्रदर्शन' तयारीका लागि मानव अधिकार समुदायबीच छलफल सम्पन्न गरि आगामी रणनीतिहरु तय गर्नुपर्ने भएकाले ।

**एजेन्डाहरु**

१. संविधानसभाद्वारा बन्ने नयाँ संविधानमा दण्डहीनता विरुद्धका प्रावधानहरु समावेश गराउनका लागि वकालत अघि बढाउने ।
२. अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदनका लागि दवाव सिर्जना गर्ने ।

३. अन्तर्राष्ट्रिय फौजदारी अदालत र रोम विधानको अनुमोदनका बारेमा सचेतना प्रवर्धनका लागि तत्काल चाल्न सकिने कदमहरु ।
४. अन्य ।

**निर्णयहरु :**

गत वर्ष सम्पन्न भएको आईसीसी सप्ताहको समीक्षा गर्दै आज बसेको मानव अधिकार समुदायको वैठकले निम्न निर्णय गऱ्यो ।

१. यो वर्ष week against impunity (दण्डहीनता विरुद्धको सप्ताह) कार्यक्रम मनाउने ।
२. आगामी साताभित्रमा नेकपा (माओवादी) का अध्यक्ष प्रचण्डसँग दण्डहीनता तथा अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानमा सम्मिलनका मुद्दामा छलफल कार्यक्रम गर्ने । दोस्रो, प्रमुख राजनीतिक दलसँग संविधान र दण्डहीनतालाई सम्बोधनका विषयमा अन्तरक्रिया गर्ने । तेस्रो, संविधान सभासदहरुलाई दण्डहीनताको मुद्दाप्रति ध्यानाकर्षण गराउन निरन्तर छलफल र अन्तरक्रियालाई अगाडि बढाउने ।
३. संवैधानिक तबरबाट दण्डहीनतालाई सम्बोधन गर्नका लागि आवश्यक वकालत र लविङका कार्यलाई अघि बढाउँदै लैजाने ।
४. दण्डहीनता र रोम विधानमा सम्मिलनका बारेमा नागरिक सचेतनालाई अभिवृद्धि गर्न सडक नाटक तथा चेतनामूलक क्रियाकलापहरुलाई अघि बढाउने । “युवा समूह”द्वारा सञ्चालित सडक नाटकलाई निरन्तरता दिन आर्थिक संकलनका लागि पहल गर्ने ।
५. नयाँ सरकार निर्माण भएपछि उसँग उसको मानव अधिकारको एजेन्डा के हुने भन्ने विषयमा छलफल गर्ने ।
६. दण्डहीनताको मुद्दालाई नयाँ सरकारले कसरी सम्बोधन गर्नुपर्छ ? र, अन्तर्राष्ट्रिय समुदायको यसका लागि के भूमिका हुन्छ भन्ने विषयमा छलफल गर्ने ।

**कार्यक्रममा सहभागीहरु**

१. अधिवक्ता राजकुमार सिवाकोटी, दण्डहीनता विरुद्ध संघर्षका लागि नागरिक कार्यदल
२. अधिवक्ता गोविन्द वन्दी, दण्डहीनता विरुद्ध संघर्षका लागि नागरिक कार्यदल
३. प्राध्यापक कपील श्रेष्ठ, दण्डहीनता विरुद्ध संघर्षका लागि नागरिक कार्यदल
४. अधिवक्ता पूण्यप्रसाद खतिवडा, द्वन्द्व अध्ययन केन्द्र
५. चरण प्रसाई, मानव अधिकार संयुक्त मञ्च
६. अधिवक्ता वीरेन्द्रप्रसाद थपलिया, फोरिड
७. तीर्थ बसौला, राष्ट्रिय मानव अधिकार प्रतिष्ठान
८. कमल पोखरेल, कानुन अध्ययन केन्द्र
९. सम्झना श्रेष्ठ, इन्सेक
१०. विष्णु भुषाल, आईसीपीडी
११. विजयकुमार सिंह, कोक्याप
१२. संजय खड्का, कोक्याप
१३. विष्णु वहादुर खत्री, युथ एक्सन नेपाल
१४. कमला उप्रेती, महिला आधारशीला
१५. सुरेश पराजुली, महिला आधारशीला
१६. अधिवक्ता टीकाराम पोखरेल, सीभिक्ट
१७. भवानी खरेल, हुर्फन
१८. अधिवक्ता सिन्धु सापकोटा, फोरिड
१९. कृष्णप्रसाद अर्याल, इन्जस
२०. सञ्जितराज पाण्डे
२१. नारायण सिवाकोटी
२२. सावित्रा बस्नेत
२३. मनमाया धिताल
२४. शेखर अधिकारी
२५. राजिव ढकाल

२६. मानवबहादुर खड्का
२७. भगीरथ न्यौपाने
२८. शान्ति भट्ट
२९. यमुना अर्याल
३०. खुमलाल भुषाल
३१. गायत्रीदेवी गौली
३२. मन्दिरा श्रेष्ठ
३३. सुमित्रा बास्कोटा
३४. तनु हमाल
३५. मनोज खनाल
३६. सुनिल आचार्य
३७. महेन्द्र थापा

**अनुसूची :**

**विषय प्रवेश :**

गत वर्ष आईसीसी सप्ताह मनाइएको । त्यसको समीक्षा आवश्यक छ । कोक्पायपले मात्र वार्षिक रुपमा गरेको तर हामीले निरन्तरता नदिइएको जस्तो । आईसीसी सप्ताहलाई अघि बढाउन आवश्यक । संविधानसभामा दण्डहीनता गाँसिने भएकाले कार्यदलले कस्तो भूमिका खेल्ने ? कस्ता कुरा समावेश गर्नका लागि लविड गर्ने, रोम विधान अनुमोदनका लागि दवावको सिर्जना गर्ने । दवावमूलक र सचेतनात्मक कार्यक्रम सँगसँगै लैजानुपर्ने ।

**आईसीसी सप्ताहको समीक्षा (२०६४) र आगामी कार्यक्रमका बारेमा छलफलमा सहभागीहरुको संक्षिप्त राय**

सम्पूर्ण मानव अधिकार समुदायका तर्फबाट अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानमा सम्मिलन जनाउनका लागि एकहप्ता लामो दवावमूलक एवं चेतनामुलक कार्यक्रम (आईसीसी सप्ताह) सम्पन्न गरिएको थियो । यस कार्यक्रमको प्रमुख उद्देश्य भने संसदबाट सरकारलाई रोम विधान अनुमोदनका निम्ति दिएको आदेशलाई कार्यान्वयन गराउने थियो ।

संसदले रोम विधान अनुमोदनका लागि सरकारलाई निर्देशन दिएपछि रोम विधानमा सम्मिलन जनाइसकेपछि थपिने दायित्व र त्यसले ल्याउने प्रभावका बारेमा अध्ययन गर्न एक सरकारी कार्यदल हेगमा पनि गएको थियो । उक्त टोलीले त्यहाँ गएर गरेको अध्ययनको आधारमा रोम विधानमा सम्मिलनपछिको दायित्व, अन्तर्राष्ट्रिय क्षेत्रबाट हुने सहयोग, संवैधानिक व्यवस्थाको पुर्नसुधार जस्ता विषयहरुलाई समेटी एउटा प्रतिवेदन सरकारलाई पेश गरेको छ । यद्यपि उक्त प्रतिवेदनलाई पनि जनसमक्ष नल्याइ सरकारले आम नागरिकको जान्न पाउने अधिकार (Rights to Know) को अपमान गरेको छ । रोम विधानमा सम्मिलनपछि थपिने दायित्वलाई कसरी लिने, कानुनी क्षमता कसरी बढाउने, न्यायपालिकालाई कसरी पुर्नसंरचना गर्ने भन्ने बारेमा प्रतिवेदन बुझेपछि सरकारी तबरबाट के-कस्ता प्रयासहरु भए र तिनीहरुको प्रगति विवरण के छ भन्ने कुनै जानकारी दिइएको छैन । जान्नमा आएअनुसार जनआन्दोलन अघिको समयमा सुरक्षा निकायबाट सरकारलाई अनुमोदनका लागि सहमति नदिइएको र माओवादी शान्ति प्रक्रियामा आएपछि उसले नै त्यस प्रक्रियालाई असहयोग गरेको पाइएको छ । सरकार र सदनमा आएको माओवादीको सहमति विपरित कुनै कार्य हुन नसक्ने र उसले सहमति नदिएकोले संसदले दिएको आदेशलाई समेत कार्यान्वयन गर्न नसकिएको प्रस्टै देखिन्छ ।

व्यापक नागरिक चेतनाबिना कुनै पनि परिवर्तन गर्न नसकिने भएकाले आईसीसीबारे आम नागरिकलाई सचेत गराउदै अभियान अघि बढाउने लक्ष्यसहित कोक्यापले विभिन्न कलेजमा आईसीसीका बारेमा जानकारी दिने कार्य गऱ्यो । त्यस्तै गरी माओवादी बाहेकका सबै राजनीतिक दलहरुलाई भेटी अनुरोध पत्र बुझाइयो । सबैबाट सकारात्मक प्रतिक्रिया नै आएको थियो । बृहत शान्ति सम्झौतापूर्वसम्म नागरिक समाजको भूमिका पनि अत्यन्तै महत्वपूर्ण र निर्णायक थियो । संसारमा कही पनि शान्ति सम्झौतामा मानवता विरुद्धको अपराधलाई सम्बोधन गर्ने उल्लेख गरिएको छैन तर नेपालमा भने शान्ति सम्झौतामा नै समावेश गर्न सकिएको थियो । तर त्यसपछि नागरिक समाजको भूमिका शुन्य प्राय भएर गयो । शान्ति सम्झौतापछि दण्डहीनतालाई संस्थागत गर्ने सम्झौतामात्र गरिए । राजनीतिक इच्छाशक्तिको अभावका कारण तैचुप मैचुप भन्ने भावनाले सबै सम्झौताहरु दण्डहीनतामुखी मात्र भए । अब हाम्रो प्रमुख दायित्व भनेको दण्डहीनता विरुद्धको नागरिक कार्यदलको भूमिका अझ विस्तार गर्नु हो । संविधानसभाको निर्वाचनमा सभासद भएका

आएकाहरुलाई नै पहिले दण्डहीनताको बारेमा जानकार बनाइनुपर्छ । त्यसको लागि कार्यदलले विशेष कार्यक्रम सञ्चालन गर्नुपर्छ । कानुन निर्माताहरुसँग निरन्तर अन्तरक्रिया गरिनुपर्छ । सपना प्रधान मल्ल, खिमलाल देवकोटा, सुवास चन्द्र नेम्वाङ, विनोद पहाडी लगायतका कानुनी पृष्ठभूमिबाट आएका सभासद, जो दण्डहीनताका विषयमा दख्खल राख्छन्, लाई केन्द्रित गरी विभिन्न कार्यक्रम अघि बढाइनु आवश्यक छ ।

माओवादीलाई पनि दण्डहीनता विरुद्ध प्रतिवद्ध गराउनका लागि पार्टी अध्यक्ष प्रचण्ड र बाबुराम भट्टराईलाई नागरिक समुदायको तर्फबाट तुरुन्त भेट गरिनुपर्छ । मानव अधिकारको क्षेत्रका काम गर्ने सबै राष्ट्रिय एवं अन्तर्राष्ट्रिय समुदायहरुलाई एकै ठाउँमा भेला गराइ त्यही कार्यक्रममा माओवादी नेतृत्वमा बन्ने सरकारको मानव अधिकार र दण्डहीनताको सबालमा के नीति छ भन्ने विषयमा प्रस्ट पार्न लगाउनुपर्छ । पार्टीमा बन्ने मानव अधिकार समितिमा पनि सम्पर्क र लविङ गरिनुपर्छ । निरन्तर राजनीतिक दलहरुलाई र संसदलाई दवाव दिनका लागि नागरिक समुदायमा पनि एक प्रकारको एकता हुनुपर्छ । व्यानरमा ५०-६० संस्थाको नाम हुने अनि मान्छे २०/३० जना पनि नहुनुले पनि सरकार एवं राजनीतिक दलले त्यस्ता कार्यक्रमप्रति वेवास्ता गर्ने गरेका छन् । हामीहरु नयाँ संविधान निर्माणको संघारमा रहेकाले यो वर्ष week against impunity (दण्डहीनता विरुद्धको सप्ताह) शीर्षक राखी कार्यक्रम अघि बढाउनुपर्छ । नागरिक चेतनाको सबालमा आम सञ्चार माध्यमको महत्वपूर्ण भूमिका रहने भएकाले व्यापक रुपमा सञ्चार माध्यमको परिचालन गरिनुपर्छ । छापा तथा विद्युतीय दुवै सञ्चार माध्यमबाट व्यापक प्रचार प्रसार गरिनुपर्छ । नागरिक चेतनाबिना परिवर्तन असम्भव प्रायः भएकाले हाम्रो लक्षित समूहको रुपमा नागरिक शिक्षा अघि बढ्नुपर्छ ।